ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## छैठौं राष्ट्रिय अधिवेशन

### ६ ,७ र ८ चैत्र, २०७२ । काठमाडौं

**प्रस्ताव क्रमाङ्क-१**

**"समृद्ध नेपाल निर्माणका लागि शिक्षाक्षेत्रमा आवश्यक सुधार"**

शान्ति र समृद्धि भन्ने मूल भावका साथ परिषद्को छैठौं राष्ट्रिय अधिवेशन काठमाडौंमा चलिरहेको छ । राजनीति सबै नीतिहरुको मूल केन्द्र हो । समाज रुपान्तरणमा सरकारी उदासिनताका साथै विदेशी शिक्षालाई सजिलै प्रोत्साहन गर्ने राज्यको नीतिले देशको संस्कृति र सभ्यता माथि कालो धब्बा लागिरहेको छ । त्यसैले राजनीति र मूल चेतना प्रवाहक शिक्षक (प्राज्ञिक जगत) वर्गलाई प्रदूषणले ढाकेपछि बहावका धारहरुमा सफाई खोज्नु पनि व्यर्थ हुन जान्छ । मूल्यगत नैतिक राजनीतिले दिशा निर्देश गरेको राजनीतिक मार्गचित्रबाट निर्मित शैक्षिक आलोकमा देश डोऱ्याउने सामर्थ्य, नैतिकता र चारित्रिक बल हुन्छ । जब सम्म स्वतन्त्र प्राज्ञिक व्यक्तित्वले शैक्षिक निकायको नेतृत्व गर्दैनन् तब सम्म स्वतन्त्र शैक्षिक क्षेत्रमा स्वार्थ र प्रदूषित राजनीतिक बाहुलताले राज गरिनै रहन्छ । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन नेपाल सरकार, शिक्षमन्त्रालय र सम्पूर्ण सरोकारवाला निकाय सँग शैक्षिक क्षेत्र सुधारका लागि निम्नानुसार माग गर्दछ ।

- हाम्रो परम्परागत आदर्श, मूल्य र मान्यतामा ठेस नपुग्ने गरी वर्तमान शिक्षानीति एवं हरेक तहका पाठ्यक्रममा तुरुन्त युगानुकूल र समयसापेक्ष परिवर्तन गरियोस् । प्रयोगात्मक शिक्षा, जसले व्यावहारिकता र नैतिकता सिकाओस् साथै समाजका मूल्य मान्यतालाई सम्मान गर्न सक्ने बनाओस् । रोजगारी सृजना गर्न सिकाओस् । देशको माटो सुहाउँदो शिक्षा जसले यही देशमा सम्भावना र भविष्य देखाओस् जसका लागि मातृभावले ओतप्रोत शैक्षिक पाठ्यक्रम तयार गरियोस् र तुरुन्त सबै निकायमा त्यसको पठन पाठनको प्रारम्भ गरियोस् ।
- मेडिकल कलेज तथा अन्य शैक्षिक क्षेत्रमा राजनीतिक आधार र दबाबमा परी सम्बन्धन दिने, विद्यार्थी भर्ना, शिक्षक नियुक्ति तथा अन्य अनावश्यक राजनीतिक हस्तक्षेप बन्द गरी शैक्षिक क्षेत्रमा प्रभावकारी अनुसन्धान तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रयोगशाला स्थापना र आवश्यक जनशक्ति तर्जुमामा ध्यान दिइयोस् ।
- देशकै सबैभन्दा ठूलो र पुरानो विश्वविद्यालय त्रि.वि.वि.ले स्नातकोत्तर तहमा कहिले सेमेस्टर प्रणाली लागू गर्ने कहिले हटाउने गर्दा विश्वविद्यालयका निर्णायक पदाधिकारी नै अलमलमा रहेको जस्तो देखिइरहेको छ, प्राज्ञिक जगतमा यस्तो गैर-जिम्मेवारपनले विद्यार्थीमा परेको असरमा ध्यान दिई, सबै पक्ष तथा समूहसँग आवश्यक छलफल तथा परामर्शको आधारमा त्रि.वि.वि.ले आफ्नो सेमेष्टर प्रणालीको बारेमा स्पष्ट नीति अवलम्बन गरोस् ।
- विदेशी तथा स्वदेशी शिक्षण संघ-सस्थामा अध्यापन गराइने पाठ्यक्रम देशको माटो सुहाउँदो, देशको साँस्कृतिक संरचनामा खलल नआउने र देशप्रेम सिकाउने छ वा छैन सचेत रही, सैद्धान्तिक ज्ञानका साथ साथै अनुसन्धानमुखी, प्रयोगात्मकमुखी, व्यावहारिक शिक्षा होस् साथै परीक्षाप्रणाली तथा मूल्याङकन पद्धति सोही अनुरुप होस् ।
- पूर्वीय दर्शनको वैज्ञानिकता झल्कने गरी पाठ्यक्रम र अध्ययन अध्यापनको वातावरण निर्माण गर्दै पूर्वीय दर्शनको आवश्यकता र महत्व झल्काउने किसिमको शिक्षानीति अवलम्बन गरियोस् ।
- आयुर्वेद चिकित्सा अध्ययन/अनुसन्धान र यस भित्रका स्वास्थ जीवनका रहस्य–उद्घाटन गर्न सक्ने वातावरण सृजना गरी जडीबुटीले पूर्ण हाम्रो देशको प्राकृतिक स्रोतको समुचित प्रयोग गर्न सक्ने शिक्षानीति तयार गर्दै आयुर्वेदको अध्ययनका लागि छुट्टै शैक्षिक संस्था खडा गरियोस् ।
- धेरै कलेज पढाउने नियती हटाउन र गुणस्तरीय शिक्षाका लागि शिक्षकलाई आत्मसम्मान हुन सक्ने सेवा सुविधा र वातावरण सृजना गर्दै विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि ५०% छात्रवृत्ति र शिक्षाका लागि सहुलियत रुपमा ऋणको व्यवस्था गरियोस् ।
- बढ्दो शैक्षिक बेरोजगारीको समस्या समाधान गर्न व्यावसायिक शिक्षामा जोड दिने, पारम्परिक कला कौशलतालाई संरक्षण गर्दै आधुनिकीकरण गर्ने तथा देशमै उपलब्ध श्रोत साधनको उपयोग गर्न सक्ने कार्यक्रम तयार गरी देशका विभिन्न क्षेत्रमा प्रशिक्षण केन्द्र खडा गर्दै आत्मनिर्भर युवाशक्ति निर्माणका लागि विशेष कार्यक्रम तयार गरियोस् ।

- जलविद्युत् तथा सौर्य उर्जा, खानी उत्खनन र पर्यटन व्यवसाय प्रवर्द्धन गर्नसक्ने जनशक्ति उत्पादन गराउने पाठ्यक्रम तयार पारी विशेष अनुदान सहित पढाई शुरू गरियोस् ।
- आज अधिकारका नारा चर्का र कर्तव्य गौण भएकाले कर्तव्यप्रति सचेत गराउन औपचारिक तथा अनौपचारिक शिक्षा लागू गरियोस् साथै नागरिकको नैतिकता तथा सामाजिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक दायित्व बारे जागरुक गराउने शैक्षिक कार्यक्रम तयार पारियोस् ।
- शैक्षिक सुधार, पुस्तकालय निर्माण तथा बालशिक्षा एवं बाल सुधार गृहका नाममा विभिन्न मिसनरीहरुद्वारा नेपालको संस्कृति र सभ्यता विपरीत बाइबल तथा बाइबलका कथाहरु पढाउँदै स्थानीय धर्मसंस्कृतिको विरुद्धमा बालबालिकालाई प्रयोग गर्दै धर्मान्तिरणको कार्य भइरहेको हुदाँ उक्त गलत कार्यलाई रोक्नका लागि शिक्षामन्त्रालय तथा स्थानीय जिल्ला शिक्षा कार्यालयको माध्यमबाट त्यसको निगरानी गर्दै त्यस्ता राष्ट्रहित विपरीत कार्यलाई रोक्नका लागि तुरुन्त ठोस नीति अवलम्बन गरियोस् साथै गलत कार्य गरिरहेका संघसंस्थालाई तुरुन्त कारबारी गरियोस् ।
- लामो समयदेखिको स्ववियु चुनावको अन्योलतालाई अन्त्य गर्दै तुरुन्त स्ववियु चुनावको मिति घोषणा गरियोस् साथै स्ववियु चुनावमा उमेरको हदबन्दीलाई कडाइका साथ लागू गरियोस् ।
- शैक्षिकक्षेत्रमा अपाङ्गता मैत्री वातावरण सृजना गरी पठनपाठन, भवन निर्माण तथा अन्य कार्य गर्दा अपाङ्गता भएका व्यक्तिलाई विशेष ध्यानमा राख्दै भवन निर्माण तथा अन्य भौतिक संरचना तयार गरियोस् ।
- युवाहरुलाई देशमै आत्म-सम्मान हुन सक्ने र उनीहरुको विचार विवेक देश हितमा प्रयोग गर्न युवाहरुको विचारलाई प्रोत्साहित गर्न सक्ने र विभिन्न क्षेत्रमा त्यस्ता राष्ट्रहित विचारहरु लागू गर्न सक्ने वातावरण सृजना गरियोस् ।

**नेपाल आमाको - जय !**

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## छैठौं राष्ट्रिय अधिवेशन

**६, ७ र ८ चैत्र, २०७२ । काठमाडौं**

**प्रस्ताव क्रमाङ्क-२**

**"देशको वर्तमान अवस्था र आगामी दिशा"**

यो वर्षको प्रारम्भ देखिनै देश प्राकृतिक विपत्ति, राजनीतिक अस्थिरता र तरलताले केही अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको छ । भूकम्प पश्चात्को समयमा राज्यको कतिपय संयन्त्रले प्रभावकारी कार्य गर्न नसक्दा समयमा प्रभावकारी रुपमा उद्धार तथा राहत कार्य सम्भव हुन सकेन साथै उद्धार तथा राहतको कार्यपश्चात्को पुनर्निर्माणको कार्य राजनीतिक दलको आपसी खिचातानीको कारण प्रभावकारी रुपमा अगाडि बढ्न सकिरहेको छैन । भूकम्प राहत तथा उद्धार कार्यमा विभिन्न सामाजिक संघ संगठनहरुले निर्वाह गरेको अहम भूमिकाको परिषद् हार्दिक अभिनन्दन गर्दछ । भूकम्पको पीडालाई मौकाको रुपमा प्रयोग गर्दै कतिपय धर्मप्रचारमा लागेका मिसनरी संगठनले देशको भावनात्मक पीडाको ढाडसका नाममा विभिन्न गलत प्रवृत्तिलाई अगाडि बढाए, राहतको नाममा बाइबल बाँड्ने र स्थानीय संस्कृति माथि आक्रमण गर्ने कार्य गरिरहे । जुन अमानवीय कार्यको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन घोर भर्त्सना गर्दै त्यस्ता गलत र राष्ट्रहित विपरीत कार्य गर्ने संघसंस्थालाई कारबाही गर्नका लागि नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

यसै वर्ष लामो समयदेखि नेपाली जनताले अपेक्षा गरेको संविधान आयो । यी सबै पीडा, चोट र अवसरका बावजुत पनि देशको समृद्धिका लागि, संस्कृति र मौलिकताको संरक्षणका लागि, देशको स्वाधिनता र स्वाभिमानका लागि राजनीति गर्न नसक्नु सम्पूर्ण राजनीतिक दल तथा नेतृत्वका लागि लज्जाको विषय बन्न पुगेको छ । राजनीतिक तहमा जनताका आधारभूत आवश्कता बुझ्ने र समयानुकूल आर्थिक समृद्धिको मार्गमा लाग्नुको साटो उल्टै पदीय लडाइमै दिन बिताइरहेको अवस्थामा परिषद्को यो छैठौं राष्ट्रिय अधिवेशन सरोकारवाला निकायसंग देशको यस गम्भीर परिस्थितिमा सकारात्मक ढङ्गले अघि बढि देशको आवश्यकता सम्बोधन गर्नसक्ने कार्यमा अग्रसर हुन नेपाल सरकार एवं सम्पूर्ण राजनीतिक दलहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

संविधान निर्माण प्रक्रियामा देशभरमा आ-आफ्ना माग र मुद्दालाई लिएर नयाँ संविधानमा सुनिश्चित गर्न गराउन विभिन्न क्षेत्र, समूह तथा संगठनहरुले आन्दोलन गरे र गरिरहेका छन् । संविधान घोषणाको महिनौं बितिसक्दा पनि मधेशमा चलिरहेको आन्दोलनबाट उत्पन्न असहज परिस्थितिका कारण दर्जनौं नागरिक, सुरक्षाकर्मीको मृत्यु एवं देशका सम्पूर्ण जनताको दैनिकी, स्वास्थ्य क्षेत्र, शिक्षाक्षेत्र आर्थिक अवस्था लगायतका महत्वपूर्ण क्षेत्र पूर्ण रुपमा धरासायी बन्दै गइरहँदा पनि उक्त समस्याको समाधानको सही मार्गमा अगाडि बढ्न नसक्नुले नेपाली राजनीतिक नेतृत्वको अदूरदर्शीता र लाचारीपनलाई पूर्णत प्रष्ट पारेको छ ।

नेपालको वर्तमान संकटपूर्ण अवस्था आउनुमा नेपाली राजनीतिक नेतृत्व र भारतीय कुटनीतिज्ञका साथै राजनीतिक नेतृत्वको पूर्ण असफलताको परिणाम हो । त्यसलाई दुवै पक्षले स्वीकार गर्दै देशको यस संवेदनशील अवस्थामा नेपाल र भारतको उच्च राजनीतिक नेतृत्वले इमान्दारिताका साथ नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय एकता, अखण्डता, सुरक्षा र लोकतान्त्रिक पद्धतिको उच्च सम्मान गर्दै वर्तमानमा उत्पन्न भएका समस्या समाधानमा तुरुन्त प्रक्रिया अगाडि बढाउनु पर्दछ, साथै जाति, धर्म, सम्प्रदायका नाममा भएका गतिविधिले पहाडी र मधेशी बीचको भेद बढाएकाले सम्पूर्ण सामाजिक संगठन, राजनीतिक दल, सम्पूर्ण विद्यार्थी संगठन र नेपाल सरकारलाई सामाजिक सद्भाव कायम गर्ने किसिमका गतिविधि तथा अभियानहरु सञ्चालन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसमक्ष हार्दिक अपिल गर्दछ ।

लाखौं यूवा आज अवसरको खोजीमा विदेश पलायन भइरहेका छन् । देशका नेतृत्व पंक्तिलाई धिक्कार्दै खाडी मुलुकमा जोखिमका साथ पारिवारिक भावनामा छटपटाउदै पराई देशमा पसिना बगाई रहेको अवस्थामा उनीहरुले पठाएको रेमिट्यान्सको आधारमा नेपाली नेताले भाषण छाँड्दै छन् । विदेशीलाई गाली गर्दै देशभक्ति दर्शाउदैं छन्, यस्तो घृणित कार्य बन्द गरी विदेशमा रोजगारी भन्दा स्वदेशमा सम्भावना सृजना गर्न सक्ने प्रष्ट नीति र कार्य अनुरुप अघि बढ्दै, विकासमुखी राजनीति गर्न र जनताका आवश्यकता तत्काल सम्बोधन गर्ने दिशामा अग्रसर हुनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन सम्पूर्ण सरोकारवाला पक्षसमक्ष जोडदार माग गर्दछ ।

नेताले आफ्नो बोलीमा नियन्त्रण गरी कुनै पनि जाति, सम्प्रदायका नागरिकलाई ठेस नपुग्ने मातृभाव जाग्रित गर्ने र राष्ट्र निर्माणको बहुआयामिक कार्यमा सकारात्मक ढंगले सहभागी भई आफ्नो भन्ने अपनत्व लिनसक्ने वातावरण सृजना गरियोस् ।

निकै लामो समय पछि भूकम्प पुनर्निर्माण आयोग गठन भयो तर कार्य प्रारम्भ प्रभावकारी ढंगले अझै हुन नसक्नु दुःखद कुरा हो । राहत तथा पुनर्निर्माणका कार्यमा एकत्रित हुनुको साटो उल्टै जनताका आधारभूत आवश्यकतामा नै दलीय भागबन्डा मिलाउन राजनीति गर्नुले नेता प्रति अविश्वास पैदा भइरहेको छ । त्यसैले यस्तो मानवीय संवेदनासंग जोडिएको पुनर्निर्माणको कार्यमा राजनीतिक स्वार्थलाई प्रयोग नगरी तुरुन्त पुनर्निर्माण कोषलाई  पारदर्शी ढंगबाट सही सदुपयोग हुने गरी भूकम्प प्रभावित क्षेत्र र पीडितका लागि खर्च गर्ने वातावरण निर्माण गर्दै भूकम्प पुनर्निर्माणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

हाल सालै १५ दलको आयव्यय विवरण नबुझाएको कारण निर्वाचन आयोगले दर्ता खारेजी गर्नु स्वागत योग्य कदम हो । त्यस्ता दल तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाले आफ्ना उद्देश्य अनुसार कार्य गरिरहेका छन् वा छैनन् उचित अनुगमन गरी आफ्नो क्षेत्र र अधिकारभन्दा बाहिर गएर कार्य गर्ने सम्पूर्ण सामाजिक संगठनहरुलाई कानुनी दायरामा ल्याई कारबाही गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको छैठौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

मधेश आन्दोलनबाट सिर्जना भएको नाका अवरोध अन्त्य भएको महिनौं बितिसक्दा पनि ग्याँस, पेट्रोलियम पदार्थका साथै अन्य दैनिक उपभोग्य सामाग्रीमा बढिरहेको कालोबजारी अझै सम्म पनि नियन्त्रण हुन नसक्नुले सरकारनै कालोबजारीको धन्दामा लागेको संकेत दर्शाउँछ । यस्तो द्वैधचरित्रको अन्त्य गर्दै सरकारले आफ्नो कदम सच्चाई सुशासन तिर लाग्दै देशका जनताको हित अनूकुल कार्य गरियोस् साथै नेपालको प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्दै अन्य सम्भावनाको खोजी संगै खानी उत्खनन तिर ध्यान केन्द्रित गर्दै उर्जामा आत्मनिर्भर बन्ने दिशातर्फ अगाडि बढ्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

नेपाल सरकारले देशको यो गम्भीर परिस्थितिमा आफ्नो स्पष्ट परराष्ट्रनीति अवलम्बन गरी त्यसै अनुरुप देशको मर्यादा र स्वाधिनतामा आँच नआउने गरी आफूँलाई नियन्त्रण गर्दै कुटनीतिक प्रयास अघि बढाउँदै देशहित अनुकूलको विदेशी लगानी भित्र्याउने वातावरण सृजना गरियोस् ।

नेपाललाई चीन र भारतसंग सहजै जोड्ने गतिशील पुल बनाउनका लागि न्युनतम ३ वटा अन्तरदेशीय राजमार्ग निर्माण गरी स्वदेशी निर्यात तथा विदेशी अन्य व्यापार पारवहन मार्फत् आर्थिक समृद्धि प्राप्त गर्नका लागि समदुरी समभावको सिद्धान्त अनुरुप वैदेशिक सम्बन्ध विकास गरियोस् ।

घरबार विहिनताका नाममा हुनेखानेको पहुँच बढेको र व्यापक वनफडानी सँगै पर्यावरणीय असर परेकाले राज्यले अपार्टमेन्ट निर्माण गरी बसाई बसाल्ने व्यवस्था गरियोस् । कृषिका माध्यमबाट आर्थिक समृद्धि गर्ने नीति अवलम्बन गर्दै राज्यले सहुलिएत ऋण तथा अनुदान दिइ कृषि उद्यमशिलताको क्षेत्रमा युवाहरुलाई प्रोत्साहन गर्ने नीति निर्माण गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो छैठौं राष्ट्रिय अधिवेशन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

पर्यटकीय भिसामा नेपाल भ्रमणमा आएका कतिपय विदेशीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था संग आबद्ध भएर धर्म प्रचारको कार्य गरिरहेका घटना समाजमा घटिरहेको हुँदा राज्यले उचित अनुगमन गरी कारवाहीको दायरामा ल्याओस् ।

आज दैनिक उपभोग्य खाद्य सामाग्री भन्दा सहज ढंगले जाँड, रक्सी, चुरोट बिँडी तथा अन्य लागू औषधको सहज उपलब्धताले सामाजिक मूल्य मान्यतामा आँच आउनुका साथै, पारिवारिक झगडा तथा दुर्घटना बढिरहेको छ । लाखौंको संख्यामा युवा दूर्व्यसनीमा फसिरहेका छन् । यस्ता व्यवसायमा नियन्त्रण गरी कम्तीमा १८ वर्ष उमेर पुरा भएको व्यक्तिले मात्र खरिद गर्न पाउने स्पष्ट कानुन निर्माण गरी त्यसलाई कडाइकासाथ लागू गरियोस् । साथै सार्वजनिक स्थलमा धुम्रपान तथा मध्यपान गर्ने व्यक्तिलाई कारबारी गर्ने नीतिलाई कार्यान्वयन गरी त्यसलाई अझ प्रभावकारी तथा कढाइ गरियोस् ।

नेपाल आमाको-जय !